आज मिति २०८० साल कार्तिक १६ गते आईतवारका दिन बिहान ६.३० बजे खैरहनी नगरपालिकाको आ.व. ०७९।०८० को वार्षिक खेलकुद नगर प्रमुख श्री शशि कुमार खनिया ज्यू को अध्यक्षतामा निम्न कार्यक्रमहरु उपस्थितिमा कार्यक्रम सम्पन्न गरीयो।

① नगर प्रमुख श्री शशी कुमार खनिया
② नगर उप प्रमुख श्री कविता उप्रेती
③ प्रमुख प्र. अ. श्री विष्णु प्र. पाण्डेय
④ नगर शिक्षा अधिकारी श्री राजु खनिया
⑤ नेपाली कांग्रेस श्री गुरु राज जोशी (सभापति)
⑥ ने. क. पा. ऐ.मा.ले. श्री पूर्ण बहादुर (हलदाकोटे) (अध्यक्ष)
⑦ ने.क.पा. माओवादी केन्द्र श्री राजेश्वर पोखरेल (अध्यक्ष)
⑧ राष्ट्रिय स्वतन्त्र पार्टी श्री राम खिलाडी (सभापति)
⑨ राष्ट्रिय प्रजातन्त्र पार्टी श्री उत्तम कुमार जोशी (सदस्य)

⑩ वडा अध्यक्ष १नं. श्री नवराज मुकाहा
⑪ " " २नं. श्री मोहिजी प्र. उप्रेती
⑫ " " ३नं. श्री पूर्ण ब. गुरुङ
⑬ " " ४नं. श्री बेद ब. अधिकारी
⑭ " " ५नं. श्री छत्रनाथ दुबेदी
⑮ " " ६नं. श्री जगदम्बा प्रसाद त्रीपाठी
⑯ " " ७नं. श्री मनोज मल्ल
⑰ " " ८नं. श्री मंडर कडेल
⑱ " " ९नं. श्री बन्धु राम मल्ल
⑲ " " १०नं. श्री चन्द्र विक्रम चौधरी
⑳ " " ११नं. श्री दिनेश कुमार करा ई
㉑ " " १२नं. श्री केदार नाथ पन्त
㉒ " " १३नं. श्री कुबेर प्रसाद मुकाहा

DATE:

28) कार्य पालिका सदस्य श्री आनन्द दहाल
29) " " श्री गोमा मुडेर
30) " " श्री मैया वि.क.
31) " " श्री विकुमिया चौधरी
32) " " श्री मैनुका परियार
33) " " श्री विष्णुमाया कामी
34) " " श्री दुर्लिराम चौधरी

35) उद्योग वाणिज्य संघ श्री दिपेन्द्र क्षेत्रि अध्यक्ष
36) उद्योग संघ खैरहनी श्री
37) चेम्बर अफ कमर्स श्री
38) न्यायिक शाखा प्रमुख, श्री रंजन कुमार चैपाटे
39) रोजगार शाखा " श्री रमेश पाउल
40) कृषि विकास शाखा प्रमुख, श्री गौरव व्योजने
41) स्वास्थ्य शाखा, जनस्वास्थ्य निरिक्षक श्री बिन अधिकारी
42) प्र.क्षेत्रपति, तोपनराज रुपाली
43) पु.अ. क्षेत्राधिकार अधिकारी
44) शे.वि.अ. रवि कुमार क्षेत्री पशु सेवा
45) विकास पाईल पत्रकार
46) वातावरण श्री आशिष पोडेल
47) कला कुमारी गुरुङ अधिवक्ता
48) शिव पु. पौडेल पञ्जिकरण शाखा
49) [illegible]

खैरहनी नगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक प्रगति समिक्षाको प्रतिवेदन २०७९

मिति: २०८०/०७/१९

नेपाल संविधानको धारा २१४ बमोजिम गठित यस खैरहनी नगरपालिकाले संविधानको अनुसूची-८ मा उल्लेखित एकल अधिकारहरु र अनुसूची-९ मा उल्लेखित साझा अधिकारको साथ साथै स्थानीय सरकार संचालन ऐन २०७४ को विभिन्न दफामा उल्लेख भएका स्थानीय तहका काम, कर्तव्य र अधिकारहरुको प्रयोग गर्ने गरेको छु, जुनसुकै सरकारी निकाय तथा संयन्त्र जनताप्रति जवाफदेही हुनुको साथै आ-आफ्ना कार्यहरुमा पारदर्शिता अपनाउनु पर्ने हुन्छ। आफुले निश्चित अवधिमा सम्पादन गरेका कार्यहरुको पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व बहन गर्नको लागि त्यस्ता निकायहरुले आफ्नो कार्य सम्पन्न भईसकेपछि जनताका प्रतिनिधि, विभिन्न सरोकारवाला निकाय तथा आफ्नो क्षेत्र भित्र संचालित अन्य संचारकर्मीहरु समेतको सहभागितामा समिक्षा गरी त्यसमा भए गरेको कार्यहरुलाई प्रस्ट्याउने, केही कमजोरी भए त्यसको लागि सहभागीहरुबाट प्राप्त सल्लाह, सुझावहरुलाई अगामी दिनमा मार्ग दर्शनको रुपमा लिई सुधार गर्दै जानुपर्ने हुन्छ।

नगरपालिकाले आफुले गरेका कामहरुको समय-समयमा Website तथा संचारको माध्यमबाट सार्वजनिक गर्ने, सार्वजनिक सुनुवाई गर्ने, सार्वजनिक लेखा परिक्षण, सामाजिक लेखा परिक्षणको साथै प्रगति समिक्षा गोष्ठीहरुको आयोजना गरी विगत वर्षमा गरिएका कामहरुको जानकारी र आगामी वर्षमा गर्नुपर्ने सुधारका सम्बन्धमा सरोकारवालाहरु सँग सल्लाह सुझावहरु संकलन गर्नुपर्ने हुन्छ । यसले विगत वर्षहरुमा भएका कमी कमजोरीहरुलाई सुधार गर्दै नगरपालिकालाई एक निश्चित मार्ग निर्देशन गर्न र जनभावना अनुसार चल्न प्रेरित गर्दछ । त्यसै सिलसिलामा यस नगरपालिकाले आ.व. २०७९/०८० मा सम्पादन गरेका विभिन्न क्षेत्रका कार्यक्रमहरुको वार्षिक प्रगति समिक्षा यहि मिति २०८०/०७/१९ गते आईतबार यसै नगरपालिकाको सभाहलमा सम्पन्न गरेको थियो।

उक्त वार्षिक समिक्षा गोष्ठीमा विभिन्न कार्यालयका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघ खैरहनीका अध्यक्ष, यसै नगरपालिकाका नगर प्रमुख तथा उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत सबै वडाका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, पत्रकार र विषयगत शाखामा प्रमुखहरुको समेत उपस्थितिमा नगर प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षता संचालित उक्त कार्यक्रममा उपस्थित सबै अतिथिहरुलाई स्वागत गर्दै कार्यक्रम माथि प्रकाश पार्ने काम यसै नगरपालिकाका नगर शिक्षा अधिकारी श्री राजु बानियाँले गर्नु भएको थियो भने नगरपालिकाले आ.व. २०७९/०८० मा सम्पन्न गरेका कार्यक्रमहरुमा भौतिक तथा वित्तिय प्रगतिको साथै नगरपालिकाले गरेका उल्लेखनिय कार्यहरुको प्रस्तुती प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु प्र. सापकोटाले Multi-media मार्फत गर्नु भएको थियो। उक्त कार्यक्रमको संचालन यसै नगरपालिकाका प्रशासकीय अधिकृत श्री दामोदर अधिकारीले गर्नु भएको थियो। जसलाई सहभागीहरुले अध्ययन गरी आफुलाई स्पस्ट नभएका

विष्णु प्र. सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

कुराहरु सोधनी गर्नु भएको थियो । जसमा कार्यक्रम सम्पन्न भएका विभिन्न योजनाहरुको सचित्र प्रस्तुतिकरण समेत गरिएको थियो । उक्त कार्यक्रममा निम्न बमोजिमका सुझावहरु सहभागीहरुबाट प्राप्त भएको थियो ।

उक्त कार्यक्रम माथि उठाउनु भएको समग्र कार्यक्रमको र नगरपालिकाको गतिविधिहरुको बारेमा उठेका जिज्ञासाको कार्यक्रमको अध्यक्षता गरिरहनु भएका नगर प्रमुख श्री शशी कुमार खनियाज्यूले कृषि, नगरका गौरवका योजनाहरु अपाङ्गमैत्री सडक, कालोपत्रे सडक, हाईमाकस लाईट, स्वास्थ्य, फोहोर व्यवस्थापन, प्रधानमन्त्री रोजगार कार्यक्रम, उद्यमसीलता विकास शिक्षा तथा शिक्षक व्यवस्थापन लगायतका कार्यक्रमहरुको बारेमा जवाफ दिनु भएको थियो । खैरहनी नगरपालिकाको बजार क्षेत्रमा पार्किङमा समस्या भएको हुँदा उक्त पार्किङ व्यावास्थापन गरिएको, खैरहनी नगरपालिका भित्र संचालनमा रहेका व्यावसायिहरुसँग छलफल गरी उक्त व्यवस्थापन गरिनुका साथै बजार अनुगमन, व्यवस्था गर्ने तथा नगरपालिकाको बेरुजुको बारेमा समेत जानकारी दिनु भएको थियो । त्यसै गरी उपस्थित अतिथिहरुले व्यक्त गर्नु भएको सल्लाह तथा सुझावका आधारमा आगामी दिनमा नगरपालिकाले कार्यक्रम संचालन गर्ने उपयुक्त सुधारहरु गर्दै जाने उहाँहरुले दिनु भएको सल्लाह सुझावको उचित कदर गर्ने कुरा व्यक्त गर्नु भयो । अन्तमा उपस्थित उद्योग वाणिज्य संघका अध्यक्ष विषयगत कार्यालयका प्रमुखहरु, शाखा प्रमुखहरु, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु उपस्थित हुनु भएका विभिन्न संचारकर्मी मित्रहरु सबैलाई धन्यबाद दिई कार्यक्रम समापन गर्नु भएको थियो । यसरी दिनको ७:३० बजे शुरु गरी १०:४५ बजे चियापान गरी समापन भएको थियो ।

खैरहनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खैरहनी, चितवन बागमती प्रदेश २०७२

विष्णु प्र. सापकोटा
प्रमुख प्रशासकीय अधिकृत